पैयूँ गाउँपालिका

# गाउँ कार्यपालिकाको बैठक

मितिः २०७७/०८/१९ र २० गते

पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

निर्णयहरू

१. यस कार्यालय तथा अन्तर्गतका सबै करारमा कार्यरत कर्मचारीहरूको कार्यवोझ समेतका आधारमा निरन्तरता दिने नदिने सम्बन्धमा अध्ययन गरी प्रतिवेदन गर्न तपसिल बमोजिमको कार्यदल गठन गर्ने र सो कार्यदलले आफ्नो प्रतिवेदन यहि पौष महिनाको १ गते बस्ने कार्यपालिकाको बैठकमा पेश गर्ने ।

तपसिल

कार्यदलको विवरण

| | |
|---|---|
| गाउँपालिकाका अध्यक्ष | संयोजक |
| गाउँपालिकाका उपाध्यक्ष | सदस्य |
| गाउँपालिकाका प्रवक्ता | सदस्य |
| वडा नं. ४ का वडा अध्यक्ष | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

२. नेपाल सरकारबाट जारी भएको गरिबी निवारणका लागि लघू उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ५२ बमोजिम देहाय बमोजिमको उद्यम विकास समिति गठन गर्ने ।

देहाय

उद्यम विकास समितिको गठन विवरण

| | |
|---|---|
| गाउँपालिकाका अध्यक्ष | संयोजक |
| आर्थिक विकास समितिका संयोजक | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| उद्यम विकास कार्यक्रम सम्बन्धि कार्य गर्ने शाखाका प्रमुख | सदस्य सचिव |

(नोटः संयोजकबाट तोकिने अन्य सदस्यहरू क्रमशः तोक्दैं जाने)

३. चालू आर्थिक वर्षमा लागू हुने प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि संलग्न बमोजिमको कूल ५३२ जनाको बेरोजगारहरूको सूची तथा प्राथमिकतामा रहेका १४६ जना बेरोजगारहरूको विवरण स्वीकृत गर्ने । उक्त कार्यक्रम सञ्चालनका लागि आयोजना पठाउन बाँकी वडा कार्यालयहरूले ७ दिनभित्र सो विवरण गाउँ कार्यपालिकाको कार्यालयमा पठाउने ।

४. चालू आर्थिक वर्षमा यस गाउँपालिकामा कार्यान्वयन हुने सुरक्षित नागरिक आवास कार्यक्रमका लागि लाभग्राहीहरूको विवरण प्रत्येक वडा कार्यालयहरूले **सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५** (संशोधन सहित) बमोजिम सूचना प्रकाशित गरी छनौट गर्ने र सोको विवरण आगामी पौष १ गते बस्ने कार्यपालिकाको बैठकमा पेश गर्ने ।

५. यस गाउँपालिकाद्वारा कार्यान्वयन भई भुक्तानीका लागि कार्यालयमा सिफारिस गर्दा वडाहरूले कानून बमोजिमका सबै प्रकृयाहरू जस्तैः उपभोक्ता समितिको बैठकको निर्णय, सम्पादित कामको अनुगमन मूल्यांकन प्रतिवेदन, सार्वजनिक परीक्षणको विवरण, आवश्यक वील भरपाई तथा सम्पादित काम देखिने फोटोहरू समेतलाई मूल्यांकन गरी गर्ने ।

६. चालू आर्थिक वर्षमा कार्यान्वयन हुने प्रत्येक वडाको गाउँपालिका स्तरीय मूल सडक स्तरोन्नती आयोजनाहरू एकमुष्ठ रूपमा सार्वजनिक बोलपत्र आह्वान गरी ठेक्का प्रकृयाबाट कार्यान्वयन गर्ने र सो ठेक्का विनियोजित बजेटमा घटेर सम्झौता भएमा घटेको कूल रकम दामासाहीले प्रत्येक वडाका निर्माण कार्यमा पुनः लगाउने ।

७. जिल्ला प्रशासन कार्यालय, पर्वतबाट माग भई आए बमोजिम सशस्त्र द्वन्द्व, माओवादी सेनाका घाईते अपाङ्ग, ऐतिहासिक जनआन्दोलन र मधेश आन्दोलनमा घाईते अपाङ्गहरू साविकमा लगत संकलनमा छूट भई कार्यदलको प्रतिवेदनमा नाम छूट हुन गएका व्यक्तिहरू भए आवश्यक कागजात सहित मिति २०७७/०८/१७ गतेको मितिले ७ दिन भित्र स्वयम् व्यक्तिलाई जिल्ला प्रशासन कार्यालय, पर्वतमा गई निवेदन दिन सबै वडा कार्यालयहरूले समन्वय गर्ने ।

८. भूमि सम्बन्धी समस्या समाधान आयोगको चलानी नंबर १८६ मिति २०७७/०८/१६ गतेको पत्रद्वारा लेखी आए बमोजिम यही मंसिर महिनाको २७ गते पोखरा सभागृहमा हुने आयोग र यस गाउँपालिका बीचको समझदारी सम्झौता (Memorandum of Understanding-MoU) को कार्यक्रममा भाग लिन गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत जाने विषयमा बैठकमा जानकारी भयो ।

पैयूं गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७२

९. इलाका प्रहरी कार्यालय, हुवासको कार्यालय परिसरमा कम्पाउण्ड गर्नको लागि प्राविधिक शाखाबाट लागत अनुमान तयार भए बमोजिमको रकम गाउँ कार्यपालिकाको कार्यालयले गाउँपालिकाको सञ्चित कोषबाट व्यवस्था मिलाउने ।

१०. यस गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरूमा कार्यरत स्थायी शिक्षकहरू मध्ये कम्तिमा २० वर्ष सेवा अवधी पूरा गरेका निवृत्तिभरणका लागि योग्य र अनिवार्य अवकाश हुन कम्तिमा २ वर्ष बाँकी शिक्षकहरू मध्ये कुनै शिक्षक स्वेच्छिक अवकाशमा जान चाहेमा जनही रू. १ लाख प्रोत्साहन रकम उपलब्ध गराई निवृत्तिभरणमा पठाउन र उक्त रिक्त पदमा नयाँ पदपूर्ति गर्नको लागि गाउँ कार्यपालिकाको कार्यालयले आवश्यक प्रकृया अघि बढाउने ।

११. यस गाउँपालिका कार्यक्षेत्र भएका सहकारी संस्थाहरू मध्ये कुनै सहकारी संस्थाहरू प्रचलित सङ्घीय तथा स्थानीय कानून बमोजिम खारेजीमा जानको लागि निवेदन दिएमा कार्यालयले आवश्यक प्रकृया अवलम्बन गरी खारेजी गर्ने ।

१२. आधारभूत शिक्षा उत्तीर्ण परीक्षाको लब्ध्याङ्क पत्र तथा मार्कसिट जारी गर्ने सफ्टवेयर गाउँ कार्यपालिकाको कार्यालयले खरिद गर्ने ।

१३. मूल सडकबाट सब डिभिजन वन कार्यालय, हुवाससम्म जानको लागि प्राविधिक लागत अनुमान बमोजिम कार्यालयबाट बजेट व्यवस्था गरी कार्यालयले नै कार्य सम्पन्न गर्ने ।

१४. गाउँपालिकाका सबै पदाधिकारीज्यूहरूले सूचना प्रविधिको अधिकतम् प्रयोग गरी सेवा प्रवाह तथा सूचना आदान प्रदान गर्ने । यस सम्बन्धमा आवश्यक तालिम आवश्यक परेमा कार्यालयले सो तालिमको व्यवस्थापन गर्ने ।

१५. यस वर्षको बाढी पहिरोबाट प्रभावित यस कार्यालयमा निवेदन दिएका व्यक्तिहरूको सम्बन्धमा स्थलगत अनुगमन गरी प्रतिवेदन गर्न देहाय बमोजिमको कार्यदल गठन गर्ने र सो कार्यदलले उसको प्रतिवेदन आगामी कार्यपालिकाको बैठकमा पेश गर्ने ।

देहाय

<u>कार्यदलको विवरण</u>

| | |
|---|---|
| गाउँपालिकाका अध्यक्ष | संयोजक |
| गाउँपालिकाका उपाध्यक्ष | सदस्य |
| वन, वातारण र विपद् व्यवस्थापन समितिका संयोजक | सदस्य |
| सम्बन्धित वडा अध्यक्ष | सदस्य |
| प्राविधिक शाखाको प्रमुख | सदस्य सचिव |

१६. यस गाउँपालिकाको वडा नं. ५ मा रहेको श्री बानीडाँडा आधारभूत विद्यालयमा बाँसको पार्टेशन गरी कक्षा सञ्चालन गर्नको लागि प्राविधिकको लागत अनुमान बमोजिम आवश्यक बजेट व्यवस्था गाउँ कार्यपालिकाको कार्यालयले गर्ने ।

१७. विगत वर्षदेखि भएको कोरोना लकडाउनको समयमा राहत पाउनुपर्ने राहतग्राहीहरू मध्ये निम्नानुसारका लाभग्राहीहरूले स्वेच्छाले राहत आवश्यक नभएको, सो राहत सामग्री अन्य राहतग्राहीहरूलाई दिनु भनी अनुकरणीय कार्य गरेकाले निजहरूलाई कार्यालयको तर्फबाट सम्मान कार्यक्रम आयोजना गर्ने ।

<u>सम्मान गरिने व्यक्तिहरुको विवरण</u>

| | |
|---|---|
| श्री रवीलाल न्यौपाने | वडा नं. ४ |
| श्री खगेश्वर भुर्तेल | वडा नं. २ |
| श्री नरबहादुर गुरूङ | वडा नं. ७ (मर्दिखोला) |

१८. चालू आर्थिक वर्षमा विनियोजन भएको रकममध्येबाट रू. १४ लाख रूपैया रकमान्तर गरी प्रत्येक वडामा बाँदर नियन्त्रण गर्नको लागि रू. २ लाखका दरले बजेट व्यवस्था गर्ने । सो कार्यबाट प्रत्येक वडाका लागि १/१ वटा विद्यूतीय हाते आरा समेत खरिद गर्ने ।

१९. चिसापानी-उवाकी-बर्राचौर सडक खण्ड, वडा नं. २ अर्थुन बजारमा बसोबास भएका निम्नानुसार व्यक्तिहरूको आर्थिक अवस्था निकै कमजोर रहेको र निजहरूको घर सो सडक निर्माणका क्रममा भत्काउन पर्ने भएकाले देहाय बमोजिमको रकम निजहरूलाई नयाँ घर टहरा बनाउनको लागि राहत उपलब्ध गराउने । सो कार्यका लागि आवश्यक सबै रकम चालू आर्थिक वर्षको विपद् व्यवस्थापन कोषबाट खर्च लेख्ने ।

<u>राहत दिनुपर्ने कमजोर आर्थिक अवस्था भएका व्यक्तिहरूको विवरण</u>

| | |
|---|---|
| श्री चिरागदिन मिया | रू. १ लाख ५० हजार |

पैयूं गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७४

श्री विनोद श्रेष्ठ रू ८० हजार
श्री लक्ष्मण श्रेष्ठ रू. ३० हजार
श्री डिल बहादुर राना रू. ५० हजार
श्री कर्ण बहादुर राना रू. ५० हजार
श्री कमल राना रू. २० हजार
श्री हरि वस्याल रू. २० हजार
श्री सोमनाथ भुर्तेल रू. २० हजार

२०. चालू आर्थिक वर्षको वडा नं. ३ को पूँजीगत खर्च शीर्षक सुशासन संस्थागत विकास कार्यक्रम तर्फको रू. ५० हजार रकम सोही वडाको पालुस्थान पर्यटकीय स्थलमा राष्ट्रिय झण्डा व्यवस्थापन कार्यक्रमका लागि रकमान्तर गरी भुक्तानी दिने ।

२१. चालू आर्थिक वर्षमा सशर्त तर्फ भएको रू. १ लाख र गाउँपालिकाको योजना अन्तर्गतको रू. ३ लाख गरी कूल ४ लाख राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालनमा विनियोजित रकमको सीमा भित्र रही सो खेल सञ्चालन गर्नको लागि सबै वडा अध्यक्षज्यूहरू सदस्य र शिक्षा शाखाका प्रमुख सदस्य सचिव भएको १ खेल सञ्चालन समिति गठन गर्ने र सो समितिको संयोजक वडा नं. ४ का वडा अध्यक्षलाई तोक्ने ।

२२. चालू आर्थिक वर्षको स्वास्थ्य तर्फको बजेट **हुवास स्वास्थ्य चौकीमा एक्स रे सेवा थप गर्न एक्स रे मेशिन खरिद तथा व्यवस्थापन** लाई वडा नं. ४ को आले चोक देखि हुवास स्वास्थ्य चौकी सम्मको मोटरबाटो मर्मत शीर्षकमा रकमान्तर गर्ने ।

२३. चालू आर्थिक वर्षको गाउँपालिका तथा वडा कार्यालयको भवन निर्माण तथा पूर्वाधार शीर्षकबाट खर्च लेख्ने गरी देहायका आयोजनाहरूको ठेक्का निकाल्ने ।

<u>आयोजनाहरूको विवरण</u>

वडा नं. ४ को कार्यालयमा तला थप कार्य
वडा नं. ७ को वडा कार्यालय भवन निर्माण कार्य
वडा नं. २ को वडा कार्यालयमा घेरावार निर्माण कार्य
वडा नं. ५ को वडा कार्यालयमा घेरावार निर्माण

२४. बालाकोट सिन्ले साधने सरौखोला सडकमा बस सेवा सञ्चालन हुने गरी सडकको स्तरोन्नती गर्न प्राविधिक लागत अनुमान बमोजिमको बजेटको व्यवस्था गर्ने ।

२५. वडा नं. ५ को बानी डाँडा देखि स्याङ्जा जिल्ला काउले जाने सडकको ट्र्याक खोल्नको लागि प्राविधिकको लागत अनुमान बमोजिमको बजेट व्यवस्था गर्ने ।

२६. वडा नं. ४ को बाघखोर गुफासम्म गोरेटो बाटो निर्माण गर्ने र सो गुफामा विजुली वत्तीको व्यवस्था मिलाउन बजेटको व्यवस्था गर्ने ।

२७. वडा नं. ५ को चिसापानी देखि भुर्तेलथोक देउराली सम्म सडक विजुली वत्ती व्यवस्था गर्न स्थानीय क्लवसँग साझेदारी हुनेगरी रू १ लाख बजेट व्यवस्था गर्ने ।